## अनुसूची- २

**दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित**

मेलौली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:१ संख्याः २ .मितिः /२०७५/०३/१०

**भाग-१**

**मेलौली नगरपालिका**

## मेलौली नगरपालिका विनियोजन ऐन २०७५

**मेलौली नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

सभाबाट स्वीकृत मितिः २०७५।०३।३२

मेलौली नगरपालिका

**प्रस्तावना**: मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकाले, नेपालको संबिधानको धारा २२९ को उप धारा (२) बमोजिम मेलौली नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्ररम्भ** (१) यस ऐनको नाम मेलौली नगरपालीकाको विनियोजन ऐन, २०७५ बनाएको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५ ०७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालू, खर्च, पूजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ३३,४५,८७,०००।-(अक्षेरुपी रु. तेत्तीस करोड पैचालिस लाख सतासी हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** (१) यस ऐन द्वारा संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०७५ को निमित्त मेलौली नगरपालिकाको / नगरकार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ ।यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन् ।

तर चालू तथा पूजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

आज्ञाले,
लोकेन्द्र सिंह नेगी
प्रमुख प्रशासकीय अधिकृत